# लैगिक समानता तथा सामाजिक समावेशिकरण नीति
## २०७७

# मोलुङ गाउँपालिका
प्राप्चा, ओखलढुङ्गा

## १. मोलुङ गाउँपालिकाको चिनारी

नेपालको १ नम्बर प्रदेश अन्तर्गत पर्ने ओखलढुंगा जिल्लाको मध्ये भागमा अबस्थित थोले देम्बा सिरानबाट बगेको शिबदुती गङ्गा "मोलुङ खोला" को नामबाट साबिकका गाबिस कुन्तादेवी , बरुणेश्वर (१-८) , हर्कपुर , प्राप्चा श्रीचौर रागादिप र पाल्ले (१,२,७-९) समाहित गरि सिमाङ्कन गरिएको भौगोलिक क्षेत्र मोलुङ गाउँपालिका को नामले नामङ्कित छ । ओखलढुंगा जिल्लाको सदरमुकाम सि.न.पा ओखलढुंगा बाट २३ किमि पश्चिम सडक यात्रा गरेपछी यो गाउँपालिका को केन्द्र प्राप्चा देउराली पुग्न सकिन्छ ।जिल्लाका ८ स्थानिय तह मध्ये यश मोलुङ गाउँ पालिकाको जनसंख्या १५८६२ र क्षेत्रफल ११२ बर्ग किमि रहेको छ ।

## २. मोलुङ गाउँपालिकाको पृष्ठभूमिः

समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेद, लैङ्गिक हिंसा, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्य नेपालको संविधान २०७२ को रहेको छ । संविधानले सबै नागरिकका लागि समानताको अधिकारको प्रत्याभूति गरेको छ । यसका साथै, नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्षधर राष्ट्र भएकोले कानूनी रूपमानै लैङ्गिक समानता र सामाजिक समावेशीकरणको लागि प्रतिबद्ध छ । नेपालको संविधानको प्रस्तावनामा नै वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिकविभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

नयाँ संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ र सामाजिक, आर्थिक र साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूखजाती, सीमान्तकृत समुदायआदिको संरक्षण, सशक्तिकरण वा विकासकालागि कानून र नीति निर्माण तथा विशेष व्यवस्था गर्नका लागि प्रोत्साहित गरेका छ।

लैङ्गिक भेदभावमुक्त, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि मोलुङ गाउँपालिकाको महिला, दलित, गरिव तथा बञ्चितहरुको समान सहभागिता, समान अवसर, क्षमता अभिबृद्धि र नेतृत्वदायि भूमिकालाई सशक्त बनाउँदै सबै समान हैसियत भएका नागरिकको रुपमा सम्मानपूर्वक बाच्न पाउने वातावरण निर्माण गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न लैङ्गिक समानता नीतिको आवश्यकता महसुस गरी “लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति, २०७७” तर्जुमा गरिएको छ ।

यो मोलुङ गाउँपालिकाको लैगिंक समानतालाई प्रबर्द्धन गर्ने नीति हो, यसले नगरपालिकालाई लैंगिक मैत्री (सबै लिङ्गका नागरिकहरु समान रुपले समान अधिकार उपभोग गर्दै सम्मानका साथ बाँच्न सक्ने वातावरण) बनाउछ भन्ने उद्देश्यले तयार गरिएको छ ।

तसर्थ मोलुङ गाउँपालिकाबाट प्रवाह हुने सेवासुविधा तथा कार्यक्रमहरु महिला, बालबालिका, दलित, आदीवासी, जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसख्यंक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लोपोन्मूख जाति, पिछडा तथा विपन्नवर्ग र सीमान्तकृत समुदायका नागरिकहरुको सेवासुविधा र आर्थिक हितको सम्बर्धन तथा उनीहरुको जीवनस्तरमा सुधार ल्याउने गरी मानवअधिकारमुखी पद्धतिबाट लागू गर्न आवश्यक नीतिगत व्यवस्था गर्न वाञ्छनीय भएकोलेमोलुङ गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहि नेपालको संविधानको धारा २१४ यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७" बनाएको छ ।

**३. परिभाषा**

विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा, यस नीतिमा,

(क) यस नीतिको नाम"लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०७७" रहेको छ ।

(ख) "गाउँ पालिका"भन्नाले मोलुङ गाउँपालिकालाई जनाउँदछ ।

(ग) "लैङ्गिक समानता"भन्नाले महिला र पुरुषदुवैलाई समानमानव/व्यक्तिहरुका रूपमा समानव्यवहार गर्नु हो, जस्तै : समानज्याला, समान मताधिकार, समान सहभागिता र प्रतिनिधित्वआदि ।

(घ) "सामाजिक समावेशीकरण" भन्नाले समाजमा रहेका वञ्चितवर्ग र राज्यको शासकीय क्रियाकलापहरुबाट वाध्यतावश अलग हुन पुगेका वा पुऱ्याइएका विभिन्नवर्ग, लिङ्ग, समूदाय, सम्प्रदाय, धर्म, वर्ण, जात, जातीयता, भाषा, उमेर, अपाङ्गता तथा आर्थिक वा अन्य स्थितिको आधारमा वञ्चित भएका वा पछाडी परेका वा पारिएका व्यक्तिहरुलाई राज्यको शासन सञ्चालन, कानून निर्माण तथा सार्वजनिक नीतिहरुको तर्जूमा,कार्यान्वयन एवं मूल्याङ्कन प्रकृयामा सहभागी हुने अवसरहरूको बृद्धि गरेर, स्रोतहरूमा पहुँच बढाएर, उनीहरुको अधिकारहरूको संरक्षण गरेर विकासको मूलप्रवाहमा ल्याउने एउटा प्रकृया हो ।

**४. लैगिक नीतिका आधारस्तम्भहरु :**

* महिला हिंस ।अन्त्यका लागि प्राथमिक रोकथाम/नियन्त्रण शैली
* महिला माथि हुने हिंसाका प्रमुख कारकका रुपमा सामाजिक लैगिक विभेदबाट उत्पन्न महिला र पुरुष बिचमा रहेका असमान शक्ति सम्बन्ध एव हानीकारक परम्परा हो भन्ने कुराको आत्मसात।
* शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैका समान पहुंच बढाउन नीतिगत ब्यवस्था
* सामाजिक न्याय र समानपातिक समावशी सिद्धान्तमा आधारीत
* मानव अधिकार मूखी शैली
* सहकार्य एव सहभागितामा आधारीत पद्दती
* तथ्यमा आधारीत

५. **दूरदृष्टिः** लैङ्गिक समता मार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य नगरपालिकाको निर्माण ।

६. **लक्ष्य** :सामाजिक, आर्थिक, राजनैतिक सांस्कृतिक अवसरहरुमा समान लैङ्गिक सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्ने ।

७. **उद्देश्यः**

- पछाडि पारिएका समुहहरुका सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागिसहजिकरण गर्दा महिलाका अवस्थालाइ विशेष ख्याल गर्दै महिलाहरुका समानताका अधिकारसुनिश्चित गर्ने ।
- लैंगिकतामा आधारीत हिंसा, भेदभाव अन्त्य गर्ने ।
- महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक अवसरमा बृद्धि गर्दै निर्णायकतहमा महिलाको सार्थक र समान पहुँच बढाउन ।
- आधारभूत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठनागरिक, अपांगता भएका व्यक्तिहरुको सहभागिता र अधिकार सूनिश्चित गरी सामाजिक सुरक्षाका व्यबस्था गर्ने ।

८.**रणनीतिहरु :**

- लैंगिक हिसाविरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीस्करण अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयनमा महिलाको समानुपातिक अर्थपुर्ण प्रतिनिधित्व सूनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागुहुने नीति अवलम्बन गर्ने ।
- गाउँपालिकाले तयार गर्ने सम्पूर्ण नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक सम्वेदनशिल बनाउनुका साथै महिलाहरु सम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्ने ।
- कानून निर्माण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाई लैङ्गिक संवेदनशिल बनाउनसहजिकरण गर्ने ।
- लैङ्गिक हिंसाको जोखिम कम गर्न समुदायहरूमा वडा सदस्यहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।
- हानीकारक परम्परागत अभ्यासहरु, विभेदपूर्ण सामाजिक मूल्य मान्यता एवं महिलालाई हुने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न "परिवर्तन सम्भव छ, आफु बाट सुरु गरौं" जस्ता अभियानसञ्चालन गर्ने ।
- लैंगिक तथा समावेशिता सम्बन्धि खण्डीकृत तथ्याक(Disaggregated data) संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गर्दै समस्या सम्बोधनका लागि नयाँ रणनीति,योजना तय गर्ने ।
- गाउँपालिकाका योजना तथा कार्यक्रमहरू लैंगिक तथा सामाजिक समावेशीकरण केन्द्रित गरी तर्जुमा गर्दा स्थानीय सरकारले नगरवासी, संजाल, सस्थाहरु सगको समन्वय र सहकार्यमा काम गर्ने ।

- लैंगिक संवेदनशील बजेट र लैंगिक बजेट परीक्षण प्रणाली अवलम्बन गर्ने ।
- सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एव परिवारका नेतृत्वसँगका साझेदारी रसामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशोरी, युवा तथा महिलाहरुकोसशक्तिकरणका लागि सहजिकरण गर्ने ।
- हाल स्थापित भुमिकामा परिवर्तन ल्याउनसक्ने योजनाहरुको छनौट गरी नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

९. नीतिगत कार्यदिशा

| | |
|---|---|
| १. सबै प्रकारका लैंगिक विभेद अन्त्य गरी गाउँपालिका भित्रकासबै महिलालेसम्मानीत जीवनजिउन सक्ने वातावरणसुनिश्चिचताका गर्ने/गरिने क्रियाकलाप । | - महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीतिअवलम्वन गरी तिनको नियन्त्रण एवं रोकथामका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाइने छ ।<br>- असहाय लैंगिक हिसा पीडीतको संरक्षणको लागि वस्ने व्यवस्था मिलाइने छ ।<br>- लैङ्गिक हिंसाका स्वरुपहरुको अध्ययन अनुसन्धान मार्फत लैङ्गिक हिंसाको सुचाङ्कहरु तयार गरी हिंसामुक्त मोलुङ गाउँपालिकाघोषणा गरिनेछ ।<br>- विभिन्न किसिमका विपद्हरुको समयमा हुन सक्ने महिला हिंसा/घरेलु हिंसा/लैङ्गिक हिंसा र विभेद विरुद्ध मोलुङ गाउँपालिका विशेष रुपमा सकृय रहनेछ ।<br>- लैङ्गिक समानता आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने ।<br>- लैङ्गिकमैत्री शब्द शव्दावलीको प्रयोग गर्ने ।<br>- संचार माध्यमहरुमा क्रियाशिल पत्रकारहरुको लैंगिक समानताको दृष्टिकोण बाट क्षमता विकास गर्ने ।<br>- सार्वजनिक तथा निजी क्षेत्रका कार्यस्थलमा महिला र बालिका माथि हुने भेदभावजन्य व्यवहारलाई निषेध गरी सुरक्षित वातावरण निर्माण गर्ने ।<br>- यौन दुर्व्यबहार विरुद्धको कानुनका बारेमा जानकारी गराउने । साथै सार्वजनिक यातायातका सवारी साधनहरु लैंगिक मैत्रि बनाउन व्यवसायीहरु संग छलफल गर्ने ।<br>- महिला अधिकार तथा मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकार कर्मि तथा समुदायका महिलाहरुको प्रत्यक्ष सहभागितामा लैङ्गिक दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।<br>- होटेल, व्यबसाय संचालकहरूसँग कार्यस्थलमा हुने यौन दूर्व्यवहार नियन्त्रण सम्बन्धी संवाद र अन्तरक्रिया गरी सुरक्षित, मर्यादित तथा सम्मानित कार्यस्थल निर्माण गर्ने ।<br>- महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप क्षमता अभिबृद्धि गर्ने गतिबिधि संचालन गर्ने महिला सशक्तीकरणका लागि टोल वडा देखि नैसोच तथा व्यबहारमा परिवर्तन गर्ने विभिन्न सुचना तथा शिक्षा मुलक गतिविधिहरु संचालन गर्ने ।<br>- मातृमृत्युदर, बाल मृत्युदर घटाउन कार्यकम गर्ने साथै सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनउन निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने<br>- Birthing centreमा लैंगिक मैत्रि व्यबस्थापन गर्ने । गर्भवती जाँच गर्न आउँदा श्रीमतीलाई श्रीमान्ले लिएर संगै आउन थप प्रोत्साहन गर्ने, आउँदा जोडिलाई नै संगै राखेर बच्चाको स्याहार कसरी गर्ने अभिमुखिकरण गर्दै ४ पटक सम्म |

| | |
|---|---|
| | संगै आउने जोडिलाई थप भत्ता दिने स्किम ल्याउन सकिने ।<br>- अपाङ्गता भएका महिला माथि हुन सक्ने हिंसाको अन्त्य गर्दै आत्मनिर्भर बनाउन रोजगारी, स्वरोजगारीका अवसर सिर्जना गर्ने ।<br>- वर्षको १ पटक गाउँपालिका भरीका सक्रीय महिलाहरुको सहभागितामा महिला अधिकारका नयाँ मुद्धाहरुको पहिचान एवं आवश्यकता अनुरुपको क्षमता विकास कार्यक्रम राख्ने ।<br>- नव विवाहित जोडि विवाह दर्ता गर्न आउँदा सकारात्मक सम्बन्ध विस्तारका लागि गाउँपालिका बाट परामर्श गर्ने व्यवस्था मिलाउने ।<br>- अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुलाई पंजिकरण गर्ने तथा सामाजिक सुरक्षाको दायरामा ल्याउने प्रक्रियागत कार्यको थालनी गर्ने ।<br>- मानव बेचबिखन बलात्कार लगायत गम्भीर प्रकृतिका महिला विरुद्धका हिंसा नियन्त्रणको लागि टोल टोलमा समिति गठन, सचेतना अभिवृद्धिका लागि घुम्ति सुचना शिविर लगायतका कार्य गरिनेछ ।<br>- बालविवाह, बेचबिखन, यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाईजो प्रथा, बोक्सीको आरोप जस्ता सामाजिक कुरितीका<br>- यौनशोषण तथा जबरजस्ती करणीबाट गर्भधारण गरि जन्मिएका बच्चा वा जबरजस्ती गर्भपतन गराउन बाध्यपारिएका महिला/बालिकलाई विशेष संरक्षण गरिनेछ । साथै त्यसरी जन्मिएका बालबालिकाहरुको संरक्षण गरी कुनै भेदभाव हुन दिइनेछैन ।<br>- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, महिला विरोधी कार्यहरु जस्तै गाली, बेइज्जती अपमान घृणा, प्रतिशोधहरुमा मोलुङ गाउँपालिकाले शून्य सहनशीलताको नीति अबलम्बन गर्नेछ ।<br>- लैङ्गिक हिंसाका पिडक, फौजदारी कसुरदार, छुवाछुत कसुरदारलाई मोलुङ गाउँपालिकाको कुनै पनि समारोह र अवसरहरुमा स्वीकार गरिने छैन । |
| लैंगिक समानताको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायी शासन पद्धतीलाई संस्थागत गर्न गर्ने क्रियाकलापहरु । | - लैङ्गिकहिंसा, भेदभाव र बहिष्करणको अन्त्यकालागि न्यायमा पहुँच बढाई संरक्षणात्मक र सुधारात्मक उपायहरु अवलम्बन गरिनेछ ।<br>- योजना, कायक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृयामा समान सहभागितालाई अनिवार्य गर्ने ।<br>- महिला, दलित, आदीवासी जनजाती, यौनिकतथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसख्यंक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लोपोन्मूखजाति,पिछडा वर्ग, विपन्नवर्गका नागरिकहरुको सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मोलुङ गाउँपालिकाका हरेक अवसर, कार्यक्रमहरूको विकास प्रकृया तथा योजना निर्माणका तहहरुमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।<br>- आफ्नो मोलुङ गाउँपालिकामा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको तथ्याङ्क संकलन गरि उनीहरुका आवश्यकताहरु पहिचान गरि लक्षित कार्यक्रमहरुको विकास गरिनेछ ।<br>- नीति निर्माण तथा योजना तर्जुमाको प्रकृयामा संलग्न रहने सबै जनप्रतिनिधि तथा सरोकारवालालाई लैङ्गिक सम्वेदशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी प्रकृयाबारे अभिमूखीकरण गर्ने ।<br>- मोलुङ गाउँपालिकाको नीति निर्माणमा महिलाहरुको पहुँच वृद्धि गरी उनीहरुको क्षमता विकास गरिनेछ ।<br>- लैङ्गिक हिंसा सम्बन्धी फौजदारी घटनालाई समुदायमा दबावपूर्वक मेलमिलाप गर्ने पद्धतिलाई अन्त्य गरी कानुनी प्रक्रिया भित्रल्याउने परिपाटीको विकास गरिनेछ । |

| | |
|---|---|
| | - विभिन्न किसिमका विपद्हरुको समयमा हुन सक्ने महिला हिंसा/घरेलु हिंसा/लैङ्गिक हिंसा र विभेद विरुद्धमोलुङ गाउँपालिका विशेष रुपमा सकृय रहनेछ । |
| | - महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीतिअवलम्वन गरी तिनको नियन्त्रण एवं रोकथामका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाइने छ । अशाहाय लैगिक हिसा पीडीतको संरक्षणको लागि वस्ने व्यवस्था मिलाइने छ । |
| | - मोलुङ गाउँपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट कम्तीमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिम गरिनेछ । |
| | - गाउँपालिकाको आवधिक ५ वर्षे योजना तर्जुमा गर्दा लैंगिक संवेदनशिल बनाउने । |
| | - नीतिहरु, कार्यविधि तथा रणनीति तयार गरी (प्रजनन स्वास्थ्य सम्बन्धि नीति, लैंगिक समानता नीति, लैंगिक हिंसा विरुद्धको रणनीति, सामाजिक सुरक्षा नीति ) प्रभावकारी कार्यान्वयनमा ल्याउने । |
| | - गाउँपलिका भित्र Gender Focal personतोक्ने |
| | - गाउँपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक हिंसा निवारणका दृष्टिकोणबाट पुनरावलोकन गरि समायोजनका लागि मापदण्ड तयार गरी लागु गर्ने । |
| | - लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई परिणाममूखी बनाउन संयन्त्रहरु गठन गर्ने (हरेक टोल विकास संस्थामा लैगिक सचेतीकरण र अवस्था पहिचानका लागि समिति निर्माण गर्ने ) |
| | - लैगिक हिंसामुक्त पालिकाका लागि आवश्यक संरचनाहरु (लैगिक हिंसामुक्त समन्वय समिति, अनुगमन समिति जस्ता संरचनाहरु) कार्यविधि मार्फत व्यवस्थित गर्ने । |
| | - लैङ्गिक उत्तरदायी शासन पद्धति कार्यान्वयन भए नभएको जानकारी लिन लैङ्गिक परीक्षण गर्ने पद्धति अपनाउने । |
| | - लैङ्गिक समानता तथा महिला सशक्तिकरणको लागि बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटि बसाल्न निश्चित (प्रतिशत्) रकम छुट्याउने नीतिगत व्यबस्था गर्ने । |
| | - दिगो विकास लक्ष्य अनुसार लैङ्गिक सूचकहरूलाई परिभाषित गरी वर्गीकृत सूचना संकलन, विश्लेषण तथा उपयोग गर्ने प्रणलीको विकास गर्ने । |
| | - महिलाहरुको नेतृत्वदायि भूमिकालाई अझ बढि प्रभावकारी बनाउन साझेदार संस्थाहरू मार्फत महिलाका लागि सामाजिक राजनीतिक सशक्तिकरण गर्ने कार्यक्रमहरू संचालन गर्ने । |
| | - नागरिक सहायतता कक्षको स्थापना तथा प्रभावकारी ब्यबस्थापन गर्ने । |
| | - गाउँपालिका भित्रका हरेक निकायबाट दिइने सुविधाहरुलैङ्गिकमैत्री बनाउने। |
| | - जनप्रतिनिधिहरुको शासकिय क्षमता अभिबृद्धि (लैंगिक शासन पद्धतिलाई व्यवस्थित गर्न) मा जोड दिने । |
| | - गाउँपालिका भित्रका सबै संयन्त्रहरु महिला मैत्री बनाउने । (शिशुस्याहार केन्द्र, कर्मचारी भर्ना गर्दा महिलालाई प्राथमिकता) |
| | - गाउँपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री (बालबालिका, महिला,अपांगता, जेष्ठ नागरिक मैत्री) बनाउने । |
| | - कार्यक्रमहरुको अनुगमन र मुल्यांकन लैगिक दृष्टिकोण बाट गर्ने । |
| | - लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण मैत्री मोलुङ |

| | |
|---|---|
| | गाउँपालिकानिर्माणका लागि सबै जातजाति र लिङ्गको प्रतिनिधित्वहुने गरी टोल टोलमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) निगरानी समिति बनाई परिचालन गरिनेछ ।<br>- महिलाहरुको हक अधिकारको संरक्षण सम्बन्धि कानुनी जानकारी, सम्बन्धित निकायहरुमा सिफारिस, उपचार, तथा निःशुल्क सेवा परामर्श प्रदान गर्न सेवा तथा सुचना केन्द्रहरुको स्थापना गरिनेछ ।<br>- बेचबिखन बलात्कार लगायत गम्भीर प्रकृतिका महिला विरुद्धका हिंसा नियन्त्रणको लागि टोल टोलमा समिति गठन, सचेतना अभिवृद्धिका लागि घुम्ति सुचना शिविर लगायतका कार्य गरिनेछ ।<br>- बालबालिकाहरुको जन्मदर्ता, प्रारम्भिक बालविकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन स्वास्थ्य तथा सर्वाङ्गिण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने छ । |
| ३. दिगो विकास र आर्थिक समृद्धिकालागि महिलाको समान अवसर, नेतृत्वदायि भूमिकाका साथै प्रतिफल र लाभ उपभोगमा समान अधिकार सुनिश्चिताका लागि गरिने क्रियाकलापहरु । | - हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य गर्ने । (हरेक उपभोक्ता समिति समुह संरचनामा पदाधिकारी सहित अर्थपूर्ण प्रतिनीधित्वको व्यवस्था)<br>- आर्थिक, सामाजिक, राजनीतिक विपन्नताको सूचकहरु तयार गरी पिछडिएका वा पछाडि पारिएका महिला तथा बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>- महिला, दलित,आदीवासी जनजाती, अल्पसख्यक, लोपोन्मूख जाति, पिछडा वर्गका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिमको लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>- सामुहिक उद्यमी महिला कार्यक्रमलाई प्रोत्साहन गर्ने । महिला उद्यमीहरुले<br>- संचालन गरेका उद्योग, ब्यबसायहरुलाई बिशेष प्राथमिकता, अनुदानको व्यवस्था साथै महिलाको नाममा दर्ता गर्ने उद्योगलाई राजस्वमा बढि छुटगर्ने नीतिको अबलम्बन र महिला उद्यमीद्वारा उत्पादित बस्तुको बजारिकरणका लागि सहजिकरण गर्ने ।<br>- रोजगारीका विकल्पहरु पहिचान र स्वरोजगार सम्बन्धि कार्यक्रमलाई प्रोत्साहन गर्ने ।<br>- विभिन्न जातजाति तथा समुदायको लोपोन्मूख भाषा एवं संस्कृतिहरुको संरक्षण र संबर्द्धनको लागि विशेष व्यवस्था गरिनेछ ।<br>- बूढानीलकण्ठ नगरपालिकामा उपलब्ध रोजगारी लगायतका अन्य अवसरहरुमा सबै नागरिकहरुको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।<br>- एकल, बिधवा, तथा आर्थिक रुपले विपन्न (एक्लै परिवार पाल्नुपर्ने) महिलाहरुको सामाजिक सुरक्षा, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिने ।<br>- प्राविधिक तथा अन्य क्षेत्रहरुमा (जस्तै विद्युत वाएरिङ, प्लम्बिङ, सवारी वर्कसप, भवन तथा सडक निर्माणको कार्य, सवारी चलाउने) महिला तथा यौनिक अल्पसंख्यकलाई अवसर दिने तथा कार्यगर्ने दुबैलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने ।<br>- समान कामको समान ज्यालालाई अनिवार्य गर्ने ।<br>- स्थानीय सरकारले गर्ने करार नियुक्ति तथा स्थायी पदपूर्तीमा ५० प्रतिशत महिला (जसमा हिंसा पिडितलाई प्राथमिकता ) अनिवार्य गर्दै संख्याको आधारमा |

यौनिक अल्पसंख्यकलाई पनि प्राथमिकता दिने ।

- नगर प्रहरीमा ५० प्रतिशत महिला प्रहरी रहने गरी नीतिगत व्यवस्था गर्ने ।
- नीजि संम्पत्तिको स्वामित्व श्रीमान् श्रीमती दुबैको संयुक्त रहने गरी लालपुर्जाको व्यबस्थालाई अनिवार्य गर्ने ।
- कृषि, पशुपालन, फलफूल, तरकारी, मौरी पालन लगाएतका व्यबसायिक क्षेत्रलाई आधुनिकिकरण गर्दै महिलाको सुरक्षित र समान पहुँच बढाउने नीतिगत व्यबस्था गर्ने ।
- घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक मूल्य कायम हुने गरी आर्थिक गणना गर्ने कार्यलाई प्रक्रियागत रुपमा अगाडि बढाउने ।
- महिला, दलीत, सिमान्तकृतको लागि छुट्याइएको बजेट सोही समुहको स्तरोन्नती, सशक्तिकरण, नेतृत्व विकासका लागि खर्च गर्ने ।
- लक्षित तथा सिमान्तकृत, द्वन्दपिडीत र अल्पसंख्यक महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागिविशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- किशोरीहरुलाई प्राविधिक क्षेत्रमा आउन प्रोत्साहन गर्दै कृषि जेटिए, ग्रामिण
- पशुस्वास्थ्य कार्यकर्ता, स्वास्थ्य क्षेत्रमा छात्रवृत्तिको व्यबस्था गरी परिचालन गर्ने ।
- आर्थिक, सामाजिक, राजनीतिकरुपले विपन्न एवं एकल महिलाहरुको लागि आय-आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।
- महिला समूहहरुद्वारा स्थापित सहकारी संस्थाहरुलाई उत्पादन र कृषिजन्य उद्योगहरुको लागि विशेष प्रोत्साहनका साथै सीपमूलक तालिमको विशेष व्यवस्था गरिनेछ ।
- स्थानीय सरकाको नीति र कार्यक्रम मार्फत महिलाहरुको अवैतनिक कार्यभार पहिचान गरी सोको न्युनिकरण र पुनर्वितरण गर्दै उत्पादनमूलक स्रोत साधनहरुमा उनीहरुको पहुँच, नियन्त्रण, स्वामित्व र व्यवस्थापन सुनिश्चित गरिनेछ ।
- महिलाहरुमा उद्यमशीलता विकास गरी व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण तथा वित्तिय पहुँचको व्यवस्था मिलाइने छ ।
- महिला समूह/संस्थाहरुद्वारा उत्पादित सामाग्रीहरुको गुणस्तर प्रवर्द्धन र बजारमा पहुँचको सुनिश्चितता गरिने छ
- दलित, आदिवासी जनजाती लगायतका समुदायहरुको परम्परागत पेशाहरुको संरक्षण, संबर्द्धन र आधुनिकीकरण गरी व्यवसायीकरणमा जोड दिइनेछ ।
- मोलुङ गाउँपालिका भित्र सञ्चालनमा आउने ठुला आयोजनाहरु तथा कम्पनीहरुमा दलित, आदीवासी जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूख समुदायजाति, पिछडावर्ग, विपन्नवर्ग तथा सीमान्तकृत समुदायलाई प्रथामिकताका आधारमा सेयर दिने व्यवस्था मिलाइने छ ।
- युवा स्वरोजगार कोष तथाअन्य निकायबाट उपलब्ध हुने सेवा सुविधाहरुमा दलित, आदीवासी जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूखजाति, पिछडा वर्ग, विपन्नवर्ग तथा सीमान्तकृत समुदायका युवाहरुको पहुँचमा वृद्धि गरिनेछ । साथै उनीहरुलाई कर छुट तथा सहुलियतपूर्ण ऋणको समेत व्यवस्था गर्न पहल गरिनेछ ।
- संविधानको धारा २४ अन्तर्गत छुवाछुत तथा भेदभाव विरुद्धको हकको आवश्यक कार्यन्वयनका सम्बन्धमा नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी मोलुङ गाउँपालिका स्तरीय छुवाछुत विरुद्ध सचेतना अभियान सञ्चालनको

| | |
|---|---|
| | व्यवस्था गरिनेछ ।<br>- संविधानको धारा ४० कार्यान्वयन गराउन नगरपालिका भित्र रहेका भूमिहीन दलितलाई एक पटक जमीन र आवासविहीन दलितलाई बसोबासको आवश्यक व्यवस्था गरिनेछ ।<br>- दलित समुदायका बालबालिकाहरुलाई उच्चशिक्षा एवं छात्रवृत्तिको व्यवस्था गरिनेछ । |
| ४. समाजमा रहेका कुरीतीजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुका कारण महिला तथा बालिकाहरुले भोग्नु परेका दुर्व्यबहार तथा हिंसा अन्त्य गर्न गरिने क्रियाकलापहरु | - मोलुङ गाउँपालिका अन्तर्गत वडा स्तरीयरुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) मैत्री तथ्याङ्क(विवरण) संकलन तथा नियमित अद्यावधिक गरी लक्षित कार्यक्रमहरुको विकासमा जोड दिईनेछ ।<br>- कुरीतीजन्य तथा रुढिवादि परम्परा, संस्कार परिवर्तन तथा लैङ्गिक हिंसा अन्त्यका लागि समुदायका अगुवा महिला,पुरुष,युवाहरु बिच अन्तरक्रिया, बहस छलफल चलाउनुका साथै कानूनी शिक्षाका सूचना सामग्री बनाई अनुशिक्षण गर्ने, प्रचारप्रसार गर्ने ।<br>- सामाजिक अन्तरघुलन र सदभावलाई प्रवर्द्धन गर्नका लागि दलित र गैर दलित अन्तरजातीय विवाह गर्ने जोडीलाई विशेष सम्मान, सामाजिक सुरक्षा र रोजगारीको अवसरमा प्राथमिकता दिने व्यवस्था गरिनेछ ।<br>- जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रियदिवस, अन्तराष्ट्रिय महिल दिवस, मानवअधिकार दिवस, जातीभेदविद्धको अन्तराष्ट्रिय दिवस लगायत अन्य महत्वपूर्ण दिवसहरुलाई सन्देशमुलक रुपमा मोलुङ गाउँपालिकामा विविध कार्यक्रमहरुको आयोजना गरि मनाईने छ ।<br>- छुवाछुत मुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्न दलित लक्षित बेजटको व्यवस्था गरी टोल, वडा र मोलुङ गाउँपालिकालाई छुवाछुत मुक्त घोषणा गरिनेछ ।<br>- दलित समुदायका बालबालिकाहरुलाई उच्चशिक्षा एवं छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>- बालविवाह, बेचविखन, यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाईजो प्रथा, बोक्सीको आरोप जस्ता सामाजिक कुरितीका विरुद्ध चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।<br>- महिला सदस्यहरुको नेतृत्वमा हरेक वडाका टोल टोलमा समूह गठन (महिला, युवा, किशोर किशोरी समूह गठन तथा परिचालन) गरी उनिहरुलाई विषयगत रुपमा तालिम दिई लैङ्गिक भूमिका रूपान्तरण, सोच र व्यवहारमा परिवर्तनका लागि उनिहरुलाई नै स्वयं जिम्मेवार बनाउँदै परिचालन गर्ने ।<br>- शिक्षकहरुलाई तालिम दिई विद्यालयमा लैंगिक विभेद, वाल विवाह, यौन हिंसा तथा यौन दुर्व्यबहार लगतका विषयमा छात्रछात्राहरुलाई सुसुचित गर्न हप्तामा कम्तीमा एउटा कक्षा अनिवार्य रुपमा लिने व्यबस्था मिलाउने ।<br>- व्यक्ति, परिवार, धार्मिक गुरु, अगुवा, शिक्षक, युवाहरु, टोल विकास समितिहरुलाई महिला अधिकार , लैगिक समानताको सवालमा सुसुचित गराउँदै लैंगिक हिंसा न्यूनिकरणमा सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहन गर्ने ।<br>- हिंसा विरुद्ध समूह, समुदाय, न्यायीक समिति, अन्य कानून कार्यान्वयन गर्ने निकायको भूमिकालाई प्रभावकारी बनाउने ।<br>- हिंसा नियन्त्रण गर्न कर्तव्यबोध नगर्ने, लापरवाहि गर्ने, पिडकको संरक्षण गर्ने, सबैलाई कानूनी दायराभित्र ल्याउनुका साथै सामाजिक रुपले बहिस्कार गर्ने ।<br>- शिक्षक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकार लगाएत सरोकारवाला र स्थानीय सरकारवीच समय समयमा सार्वजनिक वहस एवं सम्वादका |

| | |
|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने ।<br>- सार्वजनिक धार्मिक कार्यक्रमहरुमा महिला पण्डितहरुलाई सम्मान गर्ने ।<br>- घरेलु कामकाज, हेरचाह कार्य, अभिभावकीय भूमिका लगाएत पूर्नउत्पादनका क्रियाकलापमा महिला र पुरुषको समान भूमिका दायित्व बोध गराउने गरी प्रर्वद्धनात्मक कार्यक्रम संचालन गर्ने । (श्रीमन्, श्रीमतिलाई संगै राखेर सुसुचित गर्ने )<br>- सबै तहका विद्यालय शिक्षामा लैङ्गिक समानता विषयलाई अनिवार्य समावेश गरी पाठ्यक्रममा परिमार्जन गर्ने ।<br>- हरेक विद्यालयमा एउटा इमर्जेन्सी कोठा (अप्ठेरो पर्दा आराम गर्ने, शौचालय, धारा लैंगिक मैत्री बनाउन अनिवार्य गर्ने । साथै हरेक विद्यालयहरुमा निशुल्क, सेनेटरी प्याड उपलब्ध गराउनुका साथै ब्यबस्थापनमा ध्यान दिने ।<br>- महिलाहरुको आङ्ग खस्ने तथा प्रसव फिस्टुलाको समस्या सम्बोधनका लागि सुचना मुलक कार्यक्रम सहित हरेक वडामा शिविर संचालन (शिविरको समयमा महिलाहरुको स्वास्थ्यलाई प्रभावपार्ने तत्व, अधिकारको बारेमा सुचना प्रवाह गर्ने)<br>- किशोरी, गर्भवती र सुत्केरी महिलाको पोषण सम्बन्धि आवश्यकतालाई पुरा गर्ने कार्यक्रम ल्याउने<br>- समाजमा छोरा र छोरीको समान मान्यता स्थापित गर्न छोरी छोरी हुने दम्पतिलाई प्रोत्साहन गर्न सम्मान गर्ने ।<br>-सामाजिक संजाल, विद्युतिय अपराध (Social network, facebook, cyber crime)को बारेमा किशोर, किशोरी, युवा तथा महिलाहरुलाई सुसुचित गर्ने । नगरपालिका सबै वडा स्तरमा के कस्ता विद्यमान हिंसा छन् त्यस बाट के कस्तो असर परिरहेको छ , को बढि जोखिममा छन्लगाएतका सवलमा अध्ययन गरी स्थिति विश्लेषण गर्नेर सोको आधारमा योजना तर्जुमा गरी कार्यान्वयनमा लाने । |
| ५. हिंसा पिडित र प्रभावित महिला र वालिकाहरुको लागि सहज एवं पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गर्न गरिने क्रियाकलापहरु | - छुवाछुत मुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्न दलित लक्षित बेजटको व्यवस्था गरी टोल, वडा र मोलुङ गाउँपालिकालाई छुवाछुत मुक्त घोषणा गरिनेछ ।<br>- न्यायिक समितिलाई सशक्त बनाउँदै ब्यबस्थित इजलाश तयार गर्ने ।<br>- मध्यस्थकर्ताहरुमा लैगिक संवेदनशिलता बृद्धिको लागि तालिमको ब्यबस्था गर्ने ।<br>- महिलाको प्रजननस्वास्थ्य अधिकारको बारेमा समुदायमा सुसूचित गराउन महिला स्वास्थ्य परामर्श कर्ताको विकास, परिचालन र सेवालाई निरन्तरता दिने<br>- संघिय सरकार र प्रदेश सरकारले निर्माण गरेका मापदण्ड र निर्देशिकालाई आधार बनाई स्थानिय सरकाले एकिकृत सेवा संचालनका लागि मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।<br>- उजुरी ब्यवस्थालाई सहज र प्रभावकारी बनाउन हेल्पलाइन फोनको ब्यवस्था गर्ने।<br>- हरेक वडामा मनोविमर्शकर्ताको नीतिगत ब्यवस्था गरी कार्यान्वयन गर्न पहल गर्ने (मनोविमर्शकर्ताको विकास तथा ब्यवस्थापन)<br>- हिंसा पिडित/प्रभावितले निशुल्क कानूनी सेवा संगै सामाजिक न्याय पाउने सहयोगि संयन्त्रको विकास गर्ने ।<br>- निशुल्क स्वास्थ्य उपचार हिंसा पिडित र प्रभावित महिलाहरुको लागि उचित सुरक्षा वासको व्यबस्था ।<br>- हिंसा प्रभावितका लागि आकस्मिक कोष स्थापना र परिचालन |

| | |
|---|---|
| | - लैंगिक हिंसा सम्बन्धिका घटनालाई समाज मै दवाव पूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्ने ।<br>- पालिका भित्र शहरी स्वास्थ्य क्लीनिक वा स्वास्थ चौकीमा एकद्धार संकट व्यवस्थापन प्रणालीलाई सुचारु गर्न पहल गर्ने ।<br>- हिंसा प्रभावितहरुलाई आत्मनिर्भर बनाउन सिप, क्षमता अभिबृद्धि र आर्थिक अनुदानमा ध्यान दिने (सामुहिक तरकारी खेति, व्यवसायिक सिप विकास, व्यबसाय संचालन) ।<br>- हिंसा प्रभावित बालीकाहरुको लागि १२ कक्षा सम्म पढ्न पाउने व्यवस्थालाई सुनिश्चित गर्ने ।<br>- हिंसा प्रभावित परिवर्तनका बाहेक भएर काम गर्ने वातावरण तयार गर्नुका साथै क्षमता विकासमा सहजिकरण गर्ने ।<br>- लैङ्गिक हिंसा न्यूनिकरणका लागि घर, पारिवार सुरक्षित बनाउन सचेतनाका अभियान संचालन गर्दै । प्रहरी तथा वकिलहरुलाई लैंगिक संवेदनशिल बनाउन तालिम संचालन गर्नुका साथै । समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने ।<br>-हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ नागरिक, एकल महिला तथा अन्य नागरिकहरुलाई संरक्षण, उपचार र मनोविमर्श तथा निःशुल्क सहायता उपलब्ध गराइनेछ । |

**१०. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :**

लैंगिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व गाउँपालिका स्तरिय समितिका प्रमुख लगायत सदस्यहरुको रहनेछ । साथै यसै नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरिय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशिल बनाउने नगर स्तरिय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।स्थानिय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएको नीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटका व्यवस्था गर्ने, फलोअप गर्ने कार्यका नगर स्तरिय समिति जिम्मेवार रहनेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन**

नीतिको कार्यान्वयनको अवस्थाको बारेमा तोकिएको समितिले आवधिक (चौमासिक) रूपमा अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने परिपाटी बसाल्न जरूरी हुन्छ । लैङ्गिक समानता नीतिका कार्यान्वयन स्थितिबारे अनुगमन र मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी लैङ्गिक समानता प्रवर्द्धन समितिमा रहने छ ।

**१२.साझेदारी तथा सहकार्य**

यस मोलुङ गाउँपालिका क्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति यस क्षेत्रमा काम गर्न सम्पूर्ण सरकारी/गैरसरकारी संस्था तथा कार्यक्रम वीचको सहकार्य र साझेदारीको एकीकृत प्रयासबाट मात्र आउन सकेको छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि समेत सरकारी, गैरसरकारी, दातृसंस्थाहरु र समुदायवीच अर्थपूर्ण समन्वय तथा सहकार्य हुन्छ भन्ने कुरामा नगरपालिका पूर्ण विश्वास लिएको छ ।

**१३.जोखिम र न्युनीकरण**

लैङ्गिक समानता नीतिका प्रकृति र स्वरूप वृहत हुनुको साथै बहुपक्षिय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारको अवरोध आउन सक्छ :

- लैंगिक समानता सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना ।
- पितृसत्तात्मक सोच हावी रहेका सन्दर्भमा लैङ्गिक समानता नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।
- सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा समानुपातिक सहभागिता नहुँदा लैंगिक समानता नीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।
- लैंगिक समानता लागि राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना ।
- लैंगिक समानता नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ । लैंगिक समानता नीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।